**नयाँ नेपाल**

टोप बहादुर राई, हङ्कङ्ग

गरिबीले पोरिरहेका भुप्राहरुमा
मलम बनेर हिजो एउटा यूद्ध भित्रिएछ
भोकमरीले तड्पिरहेका आत्माहरु
कयौं आशा र सपनाका तरङ्गले
फेरि एक पटक जागे होलान् ।

तर, तर फेरि मर्दैरहे आज ति निरीह आत्माहरु
धेरै भाछैन जंगलबाट शहर पसेको
यूद्ध सकिए जस्तो छ यूद्ध गर्नेहरुलाई ।

फेरि, फेरि आज अर्को यूद्ध छेडिए जस्तो छ
तराईमा, लिम्बुवानमा, तमुवानमा.....
यूद्ध फेरि गरिबकै झुप्रोमा सल्किए जस्तो छ
लाठा, भाला, खुकुरी र बन्दुकहरु
उहि गरिब हातहरुमा
मोर्चा अनेक छन्
सिद्धान्त फरक ढंगका
तर, तर श्वार्थ एउटै जस्तो देखिन्छ
परेड खेल्दैछन् ति योद्धाहरु
गाउँका आँगनहरुमा
लेक, बेसी र तराईका फाँटहरुमा ।

कखरा र एबीसीडी का भऱ्याङ्गहरु उक्लिन नपाएर
कठै आजको एकाईसौं शताब्दीमा पनि
बुढी औंठाको ल्याप्चे ठोक्न बाध्य हर्केहरु
आज कलम समाउन नपाएको झोकमा
कमरेड हिमाल बनेर
बन्दुक समाउँदै छन्
जीउने स्वतन्त्रताबाट बन्धक
चुलो र चौकोमा थेचिएकी गौंथलीहरु
कयौं सपनाहरु पाल्दै
आज कमरेड गंगा बनेर
घोक्दैछन् युद्धका पाठहरु
हिमाल, पहाड र तराईका फेराहरुमा
बगाउँदैछन् रगत र पसिना
देशका लागी भनेर ।

मुल्यहिन छन् कमरेड हिमाल
ति तिम्रा रगत र पसिनाहरु यहाँ
बेकार हुनेछन् कमरेड गंगा
ति तिम्रा बलिदान यहाँ
तिम्रो रगतमा पौडिएर तिम्रै बिचार मार्नेहरुले
कोर्ने छैनन् अब नयाँ संविधान
तिम्रो लासलाई कुल्चिएर आफ्नो श्वार्थ भर्नेहरुले
बनाउँने छैनन् अब नयाँ नेपाल ।

**नोट :** नमस्कार सर उसै पनि **“विश्व नेपाली साहित्य महासंघ”** नेपाली साहित्यको एउटा उर्वर थलो हो जहाँ विश्वभरका लाखौं लेखक तथा पाठकहरुका वेर्नालाई जगेर्ना गर्ने काम गर्दै आइरहेको छ । त्यस माथि समयसमय गर्दै रहेन यस्ता प्रकारका साहित्यिक प्रतियोगिताले त्यसलाई अझ निखार्ने काम गर्दछ । सोही क्रममा उक्त संघले हालसालै गर्दैरहेको विश्वव्यापी कविता प्रतियोगितामा भाग लिने प्रयास गर्दै छु, आशा छ तपाईहरुले यदि उपयुक्त भएमा भाग लिने मौका दिनुहुनेनै छ । अन्तमा कार्यक्रम सफलताको लागि अग्रिम शुभकामना ।

मेरो विवरण यस प्रकार छ :

Rai Top Bahadur
1/A, 568 Canton Road, Yau Ma Tei, Kln, HongKong.
Mobile - +853 6687 5055
Email- raibro2@yahoo.com